# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, बानेश्वर, काठमाण्डौ
## २८औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २८औं वार्षिक साधारण सभा मिति २०७७।०९।२८ (तद्नुसार जनवरी १२, २०२१) मंगलवार दिनको ११:०० बजे बुद्धनगर, बानेश्वर, काठमाण्डौ स्थित आफ्नै रजिष्टर्ड कार्यालयमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २८औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो । जारी कोभीड-१९ महामारीका कारण स्वस्थ्य सुरक्षालाई ध्यानमा राखेर शेयरधनीहरु तथा अन्य आमन्त्रितहरुलाई भर्चुअल माध्यम जुम एप मार्फत सभामा भाग लिने व्यवस्था मिलाइएको थियो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२८औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि मिति २०७७।९।६ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा र मिति २०७७।९।७ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु, संचालक समितिको प्रतिवेदन, आ.व. २०७६।७७ को वित्तिय विवरणहरु तथा वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न तथा डाउनलोड गर्न मिल्ने व्यवस्था गरी शेयरधनीहरुलाई जानकारी समेत गरिएको थियो ।

२८औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ* | संचालक |
| ४. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |

५. श्री सन्दीप कुमार देव — संचालक
६. डा. सन्दीप शाह — संचालक
७. श्री दिनेश हुमागाँई — संचालक
८. श्री तिर्थमान शाक्य* — स्वतन्त्र संचालक
९. श्री विजय वहादुर श्रेष्ठ — वैकल्पिक संचालक
१०. श्री हरि ब. बुढाथोकी — कम्पनी सचिव

* भर्चुअल माध्यम जुम एप मार्फत उपस्थित ।

आ) व्यवस्थापन:

१. श्री उत्तर कुमार श्रेष्ठ — प्रमुख कार्यकारी अधिकृत
३. श्री राधेश्याम श्रेष्ठ — भाईस प्रेसिडेण्ट- वित्त
४. श्री टीकाराम भट्ट — भाईस प्रेसिडेण्ट- कर्पोरेट
५. श्री प्रतिक मान सिंह प्रधान — भाईस प्रेसिडेण्ट- आयोजना तथा व्यवसाय विकास (हाल एससीआईजीमा काजमा कार्यरत)
६. श्री प्रकाश कुमार श्रेष्ठ — प्रमुख- संचालन
७. श्री गणेश प्रसाद खनाल — प्रमुख प्रवन्धक- आयोजना तथा व्यवसाय विकास

इ) शेयरधनीहरु:

साधारण सभामा शेयर दाखिल खारेज वन्द हुंदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ३१ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो । जसमध्ये १० जना शेयरधनी भौतिकरुपमा र बाँकी २१ जना शेयरधनीहरु जुम एप मार्फत उपस्थित हुनु भएको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति | प्रतिशत |
|---|---|---|---|
| शेयर कित्ताका हिसावले उपस्थिति | २,६८,३८,८१८ | १,७९,५४,८६९ | ६६.९० |
| संख्याका हिसावले उपस्थित शेयरधनीहरु | ६७,११७ | ३१ | ०.०४६ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार विधिपूर्वक वार्षिक साधारण सभा वोलाइएको शेयरधनीहरुलाई सभाको सूचना तथा जानकारीहरु दिइएको र सभा संचालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो ।

शेयरधनीहरुले कम्पनीको २८औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी साधारण सभाको कार्यवाही अगाडि वढाइएको थियो ।

कम्पनी सचिवले २८औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची तथा प्रस्तावको व्यहोरा शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । साधारण सभाले सो सूचीमा समावेश भएका प्रस्तावहरु छलफल तथा निणर्यका लागि स्वीकृत गऱ्यो ।

## (घ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । शेयरधनीहरु श्री चन्द्र नारायण श्रेष्ठ र श्री अमृत नाथ रेग्मीले समय लिएर छलफलमा भाग लिनु भएको थियो भने शेयरधनीहरु प्रशान्त नेपाल र सास्वत पाठकले जुम एपको च्याट वक्स मार्फत प्रश्नहरु राख्नु भएको थियो ।

(१) श्री चन्द्र नारायण श्रेष्ठ: बार्षिक प्रतिवेदन घर घरमा पठाउने व्यवस्था गर्नु उपयुक्त हुन्छ । कम्पनीले दश प्रतिशत बोनस शेयर र पन्ध्र प्रतिशत नगद लाभांश वितरण गर्दैछ । यसका लागि संचालक समिति, व्यवस्थापन तथा फिल्डमा काम गर्ने कर्मचारीहरु धन्यवादका पात्रहरु हुनु हुन्छ । अन्य नाम चलेका जलविद्युत कम्पनीको तुलानामा यस कम्पनीको प्रशासनिक खर्चहरु बढी देखिन्छ । यसलाई कम गर्ने तर्फ ध्यान पुगोस् ।

(२) श्री अमृत नाथ रेग्मी: कम्पनीले प्रस्ताव गरेको बोनस शेयरको फ्याक्सन सबैलाई एक शेयरमा परिणत गरी बोनस शेयर दिनु उपयुक्त हुन्छ ।

(३) श्री प्रशान्त नेपाल: कावेली ए जलविद्युत आयोजनाका सम्वन्धमा ठेकेदारले पेश गरेको अग्रिम भुक्तानी जमानत सम्बन्धी मुद्दा छिनोफानो के भयो ? यस आयोजनाको निर्माण कार्य पून: शुरु कहिले हुँदैछ ?

(४) श्री सास्वत पाठक: भविश्यमा लाभांशको संभावना कस्तो छ ?

छलफलमा भाग लिने शेयरधनीहरुले आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फबाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा संचालक समितिको तर्फवाट अध्यक्षज्यूले निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) प्रविधिले हामी सबैलाई सहज वनाएको छ । हामीहरु सबै अब प्रविधिको विकासको फाइदा लिनुपर्छ र आफूलाई क्रमश: त्यता तर्फ अभ्यस्त गराउँदै लैजानु पर्दछ । त्यहि

प्रविधिको फाईदा लिएर कम्पनीले सबै विवरणहरु शेयरधनीहरुको जानकारीका लागि आफ्नो वेभसाईटमा राखेको छ ।

(२) लाभांशको विषयमा कम्पनीको सबै पक्षको मुल्यांकन गरेर राम्रै लाभांश वितरण गरिदैछ । जहाँ सम्म भविश्यमा के हुन्छ भन्ने सम्वन्धमा अहिलेनै भविश्यवाणी गर्न सकिने भन्दा पनि अनुमान सम्म गर्न सकिन्छ । यहाँहरुलाई थाहै छ कि सन् २०२० मा हिमाल पावर लि.मा रहेको कम्पनीको स्वामित्व सम्वन्धी हित (ownership Interest) आधा नेपाल विद्युत प्राधिकरणमा सरेको छ । हाल कोभीड-१९ का कारण नयाँ विद्युत खरिद बिक्री दर निर्धारण भईसकेको छैन र सो नभए सम्मका लागि अन्तरिम प्रवन्ध गरिएको छ । केही महिना भित्रै यो निर्धारण भईसक्ने अपेक्षा गरिएको छ । यसले पनि कम्पनीले भविश्यमा दिने लाभांशलाई केही प्रभाव पार्नेछ । तर, यही मार्च २०२१ भित्रै न्यादी जलविद्युत आयोजनाको निर्माण सम्पन्न हुने अपेक्षा गरिएको हुँदा यसवाट केही योगदान पुग्नेछ । अन्य आयोजनाहरु पनि विकास तथा निर्माणका विभिन्न चरणमा रहेकाछन् । चिनिया साझेदारहरुसंग मिलेर विकास गर्न लागिएका मर्स्याङदी क्यासकेड आयोजनाहरु मध्येको एक आयोजनाको यसै वर्ष निर्माण शुरु गरिने लक्ष राखिएको र अन्य बाँकी दुई आयोजनाहरुको क्रमश: अर्को वर्षहरुमा निर्माण शुरु गरिने लक्ष राखिएको छ । चिनो खोला जलविद्युत आयोजनामा कर्मचारीहरुलाई समेत लगानीको अवसर प्रदान गरेर छिट्टै निर्माणको कार्य अघि बढाउन लागिएको छ । मुगु कर्णाली जलविद्युत आयोजनाको अध्ययनको कार्य अघि बढाइएको छ । यसले कम्पनीको भविश्य राम्रो छ भन्ने देखाउँछ । दिर्घकालिनरुपमा शेयरधनीहरुलाई यसले राम्रो फाईदा पुग्ने विश्वास गरिएको छ ।

(३) बोनस शेयरको फ्याक्सनका विषयमा गत वर्षहरुको जस्तै विधी अवलम्वन गरेर यस वर्ष पनि राउण्ड अफ गरेर बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएको हो । शेयरधनीवाट प्राप्त सुझावलाई संचालक समितिले जानकारीमा लिएको छ ।

शेयरधनीका अन्य जिज्ञासाहरुका विषयमा अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतले निम्न वमोजिम स्पष्ट गर्नु भयो:

(१) कम्पनीको संचालन खर्चका सम्वन्धमा अन्य जलविद्युत कम्पनीसंग तुलना गर्नु बस्तुपरक हुँदैन । यस कम्पनीको वितरण व्यवसाय पनि छ । स्याङ्जा, पाल्पा, प्युठान र अर्घाखाँची जिल्लाहरुमा ५९,००० भन्दा बढी ग्राहकहरु छन् । वितरण व्यवसाय दुर्गम इलाकाहरुमा भएको हुँदा यसका आफ्नै प्रकृतिका कठिनाईहरु छन् । प्रत्येक वर्ष करीव दश करोड रुपैयाँ कम्पनीले वितरण व्यवसायमा नोक्सानी वेहोर्दै आएको छ । यसकारणवाट स्वभाविकरुपमा कम्पनीको खर्च अन्य कम्पनीको तुलनामा वढी देखिन सक्छ । तर, कम्पनीको प्रशासनिक खर्चहरुका सम्वन्धमा व्यवस्थापनले मितव्यियिता अपनाउँदै आएको छ ।

(२) कावेली ए जलविद्युत आयोजनाको सम्वन्धमा अग्रिम भुक्तानी जमानत वापतको रकम खिचेर लिइएको थियो । यस सम्वन्धी मुद्दा अन्त्य भईसकेको छ । त्यसैगरी कार्यसंपादन जमानत सम्वन्धी विवादका विषयमा सिंगापुरमा चलेको अदालती कारवाही समय र खर्च दुवै हिसावले विवादका दुवै पक्षलाई महङ्गो पर्ने देखिएकोले आपसी छलफलका

आधारमा मिलापत्र गरिएको छ । जहाँसम्म निर्माण कार्य पून: सुचारु कहिले होला भन्ने सम्वन्धमा यस आयोजनाको विद्युत उत्पादन गर्नु पर्ने मिति थप गर्नका लागि प्रक्रिया रहेको छ र आयोजना निर्माणका लागि उपलब्ध अन्य वैकल्पिक उपायहरुका विषयमा समेत गृह कार्यहरु भईरहेको हुँदा सो विद्युत उत्पादन गर्नु पर्ने मिति थप भए पश्चात् रोकिएको निर्माण कार्य पून: शुरु गर्ने योजना रहेको छ ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(ङ) <u>निर्णयहरु:</u>

(क) **सामान्य प्रस्तावहरु:**

(१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिवाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७६।७७ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम सी.एस.सी. एण्ड कम्पनी, काठमाण्डौलाई कम्पनीको आ.व. २०७७।७८ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून अनुसार आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रु ४,००,००० (चार लाख रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

(४) कम्पनीको २८औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज वन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७६।७७ को खुद नाफा (लाभांश आम्दानीको हिस्सा) वाट चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशत नगद लाभांश वितरण गर्ने र सो क्रममा वोनस शेयर राउण्ड अफ गर्दा हुने समायोजनलाई समेत गणना गरी वितरण गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

(ख) **विशेष प्रस्तावहरु:**

(१) वोनस शेयर (फ्याक्सनलाई समेत राउण्ड अफ गरी) जारी गर्ने प्रयोजनका लागि कम्पनीको हालको चुक्ता पूँजी वृद्दि गरी रु. २,९५,१३,६०,५०० पुर्‍याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा निम्न वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"५ कम्पनीको शेयरपूँजी:
(ख) कम्पनीको जारी पूँजी रु. २,९५,१३,६०,५०० (दुई अरव पन्चानब्बे करोड तेह्र लाख साठी हजार पाँच सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,९५,१३,६०५ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।"

यसको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दाको अवस्थामा कुनै हेरफेर वा संशोधन गर्न आवश्यक भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गर्‍यो ।

(२) आ.व. २०७६।७७ को मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) वाट चुक्ता पूँजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने र सो गर्दा बोनस शेयरको संख्यामा आउने दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशमा समायोजन गरी वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(३) कम्पनीले आ.व. २०७६।७७ मा विभिन्न व्यक्तिहरुलाई दिएको आर्थिक सहयोग रकम रु.२,०५,८८२ अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ग) **विविध:**
विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

(छ) **सभा विसर्जन:**

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २८औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २८औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २८औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । सो साधारण सभा दिनको १२.३० वजे विसर्जन भएको थियो ।

(पद्म ज्योति)
अध्यक्ष

बुटवल पावर कम्पनी लिमिटेड bpc

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

## अनुसूची १
## बुटवल पावर कम्पनी लि.
## प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव (पारित मिति २०७७।९।२८)

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,६८,३८,८१,८०० (दुई अरव अठ्साठी करोड अठ्तिस लाख एकासी हजार आठ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,६८,३८,८१८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,९५,१३,६०,५०० (दुई अरव पन्चानव्वे करोड तेह्र लाख साठी हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,९५,१३,६०५ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | वोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न वान्छनीय भएको । |

अनुसूची २

बुटवल पावर कम्पनी लि.

प्रवन्धपत्रमा संशोधन (पारित मिति २०७७।९।२८)

१. प्रवन्धपत्रको दफा ५(ख) लाई संशोधन गरी देहाय वमोजिम दफा ५(ख) राख्ने:

"५ कम्पनीको शेयरपूँजी:

(ख) कम्पनीको जारी पूँजी रु. २,९५,१३,६०,५०० (दुई अरव पन्चानब्वे करोड तेह्र लाख साठी हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,९५,१३,६०५ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९